# स्थानीय राजपत्र

**चुमनुब्री गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः ५ संख्याः १ माघ २ गते, २०७९ साल**


## भाग १

**चुमनुब्री गाउँपालिका**

नेपालको संविधान बमोजिम गाउँ सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# श्यागया परम्परा संरक्षण सम्बन्धमा बनेको ऐन, २०७९

**प्रस्तावनाः**

चुमनुब्री गाउँपालिकाको चुम क्षेत्रमा बसोवास गर्ने चुम्बा आदिवासी जनजाति समुदायले आफ्नो भूमि र भू-क्षेत्रमा रहेका वनजंगल, जीवजन्तु र प्राणीको रक्षाका लागि अवलम्बन गर्दै आएको परम्परागत श्यागया परम्पराले सदियौंदेखी पुर्याएको योगदानलाई आत्मसात् गरी वि.सं.१९७७ सालमा गुरु डुक्पा रिन्पोछे (सेराप दोर्जे) को उत्प्रेरणामा यस क्षेत्रको अहिंसा परम्परालाई पालना गर्ने गराउने स्थानीय वासिन्दाको सामूहिक प्रतिवद्धता र स्व-घोषणा सहित श्यागया परम्परालाई अनन्तकालसम्म निरन्तरता दिनका लागि चुम क्षेत्रका आदिवासी जनजातिको आफ्नै स्वायत्त, स्वनिर्णय एवं स्वयंसेवी भावनाका साथै सामाजिक परम्परा, संस्कृति एवं प्राणीप्रतिको अहिंसात्मक र आध्यात्मिक सम्बन्धका आधारमा सञ्चालित हुँदै आएको श्यागया परम्परालाई संरक्षण र निरन्तरता प्रदान गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले, नेपालको संबिधानको धारा २२१ र २२६ तथा सोही संविधानको अनुसूची ७ र अनुसूची ९ मा उल्लेखित वन्यजन्तु संरक्षण सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम चुमनुब्री गाउँपालिकाको १२औं गाउँसभाले यो ऐन बनाएको छ ।

# परिच्छेद-१
## संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम "श्याग्या परम्परा संरक्षण ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन चुमनुब्री गाउँपालिका अन्तर्गत प्रारम्भमा चुम क्षेत्रमा लागु हुनेछ र सो पश्चात् स्थानीय समुदायको चाहना र आवश्यकता अनुसार अन्य क्षेत्रमा पनि क्रमशः लागु गर्दै जान सकिनेछ ।

(३) यो ऐन गाउँसभाबाट पारित भई स्थानीय राजपत्रमा सूचना प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आदिवासी जनजाति" भन्नाले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन ,२०५८ ले परिभाषित गरेका आदिवासी जनजातिलाई जनाउँदछ र सो शब्दले चुम्बा आदिवासी जनजाति समेतलाई जनाउनेछ ।

(ख) "गाउँपालिका" भन्नाले चुमनुब्री गाउँपालिकालाई जनाउँदछ ।

(ग) "चुम क्षेत्र" भन्नाले हाल चुमनुब्री गाउँपालिकामा पर्ने साविक छेकम्पार र चुम्चेत गाविस अन्तर्गतका क्षेत्रहरुलाई जनाउनेछ र यो शब्दले चुम अहिंसा क्षेत्रलाई समेत जनाउँदछ।

(घ) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गतका नियममा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ङ) "धर्मगुरु" भन्नाले बौद्ध धर्मसँग सम्बन्धित धर्मगुरुहरुलाई जनाउँदछ ।

(च) "पञ्चशील" भन्नाले बौद्ध दर्शनमा आधारित पञ्चशीललाई जनाउँदछ ।

(छ) "परम्परागत ज्ञान, सीप र अभ्यास" भन्नाले जैविक विविधता लगायतका प्राणी र प्राकृतिक स्रोतको संरक्षण तथा दिगो व्यवस्थापन गर्न र परम्परागत जीवनशैलीलाई मूर्तरुप दिनका लागि आदिवासी जनजाति र स्थानीय समुदायले परापूर्बकालदेखि अवलम्बन गर्दै आएका परम्परागत ज्ञान, सीप र अभ्यासहरुलाई जनाउँदछ ।

(ज) "प्रथाजनित नियम" भन्नाले आदिवासी जनजाति र स्थानीय समुदायले आफ्नो रितिरिवाज, धर्म, सस्कृति र परम्परा अनुसार आफ्नो समुदाय र प्राणीको हितका लागि वनाएका नियमलाई जनाउँदछ ।

(झ) "श्यारया परम्परा" भन्नाले बौद्ध दर्शनको पञ्चशीलमा उल्लिखित अहिंसात्मक सिद्धान्तको आधारमा वन्यजन्तु लगायतका जीवजन्तु, पशुपन्छी र प्राणीहरुप्रति गरिने अहिंसात्मक व्यवहारलाई जनाउँदछ ।

(ञ) "श्यारया संरक्षण समिति" भन्नाले श्यारया परम्परालाई संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र प्रोत्साहन गर्दै यस परम्परालाई अनन्तकालसम्म स्वायत्त र स्वंयसेवी रुपमा निरन्तरता प्रदान गर्नका लागि यस ऐन बमोजिम प्रथाजनित संस्थाको रुपमा समुदायस्तरमा गठन हुने समितिलाई जनाउँदछ ।

## परिच्छेद-२

## श्यारया परम्परा लागु हुने क्षेत्र र व्यवस्थापनसम्बन्धी व्यवस्था

३. **श्यारया परम्परा लागु हुनेः** (१) श्यारया परम्परा लागु हुने क्षेत्रमा बुद्ध दर्शनको पञ्चशीलमा उल्लिखित अहिंसात्मक सिद्धान्तको आधारमा वन्यजन्तु लगायतका जीवजन्तु र प्राणीहरुप्रति गरिने अहिंसात्मक व्यवहार लागु हुनेछ ।

(२) गाउँपालिका भित्रको चुम क्षेत्रमा विक्रम सम्बत १९७७ साल र सो पश्चात् विभिन्न मितिमा श्यारया परम्परा लागु हुने भनी चारकिल्ला निर्धारण भएका क्षेत्रमा श्यारया परम्परा निरन्तर रुपमा लागु हुनेछ ।

(३) गाउँपालिका भित्रको चुम क्षेत्र बाहेकका अन्य क्षेत्रमा पनि आदिवासी जनजाति र स्थानीय समुदायको सामूहिक भेलाले सर्वसम्मत सहमति वा स्व-घोषणा र प्रतिवद्धता जाहेर गरी श्यारया परम्परा लागु गर्ने क्षेत्र निर्धारण गर्न सक्नेछ र गाउँपालिकालाई सोको जानकारी गराउनु पर्नेछ ।

(४) श्यारया परम्परा लागु हुने क्षेत्र वा सिमानाका बारेमा गाउँ कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम श्यारया परम्परा लागु हुने क्षेत्र निर्धारण गर्दा स्थानीय बासिन्दाको अभिरुचि तथा चाहना र प्रतिवद्धता, सामाजिक तथा सांस्कृतिक संरचना, वन्यजन्तु लगायतका जीनजन्तु र प्राणीसँगको धार्मिक र आध्यात्मिक सम्बन्ध जस्ता कुरामा समेत ध्यान दिनु पर्नेछ ।

(६) श्यारया परम्परा लागु भएको क्षेत्रमा कुनैपनि बाह्य पक्षले परियोजना, आयोजना, योजना तथा कार्यक्रम सञ्चालन वा भौतिक पूर्वाधार तथा संरचना निर्माण गर्नुपूर्व श्यारया संरक्षण समिति सहित आदिवासी जनजाति र प्रभावित स्थानीय समुदायसँग स्वतन्त्र पूर्वसूचित सहमति (एफपीआइसी) लिनुपर्नेछ ।

**४. श्यारया परम्परा संरक्षणका लागि प्रथाजनित नियम अभिलेखीकरण तथा नयाँ नियम तर्जुमा गर्न सक्नेः**

(१) श्यारया परम्परा अनुसार जीवजन्तु तथा प्राणीको अहिंसा तथा काटमार निषेधलाई नियमित रुपमा प्रोत्साहित गर्न र वन्यजन्तुको वासस्थान संरक्षणका कार्यहरु गर्न श्यारया संरक्षण समितिले प्रथाजनित नियमहरूलाई अभिलेखिकरण गर्न वा प्रथाजनित नियमलाई समय सापेक्षित र परिमार्जित गरी नयाँ नियम वा आलेख (कम्यूनिटी प्रोटोकल) तर्जुमा गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको प्रथाजनित नियमको अभिलेखीकरण वा नयाँ नियम वा आलेखको तर्जुमा गर्दा त्यस्तो नियमहरूको अभिलेखीकरण वा तर्जुमा गर्नुको लक्ष्य तथा उद्धेश्य, श्यारया संरक्षण समितिले समुदाय स्तरमा गर्ने कार्यहरु, श्यारया परम्परा संरक्षण र निरन्तरताको लागि लागु गरिने आचारसंहिता, प्रथाजनित नियम लागु गर्नका लागि उपलब्ध हुन सक्ने सहयोगको विवरण तथा स्वयमसेवी र आर्थिक श्रोत, बाह्य पक्ष (स्वदेशी र विदेशी पर्यटक, सरकारी निकाय व्यक्तिहरु) ले पालना गर्नुपर्ने नियमहरु, स्वतन्त्र पूर्वसूचित सहमति लिनुपर्ने विषय र अन्य आवश्यक विवरणहरु उल्लेख गर्न सकिनेछ ।

(३) श्यारया संरक्षण समितिले उपदफा (१) बमोजिमको प्रथाजनित नियम अभिलेखीकरण वा नयाँ नियम वा अलेख तर्जुमा गर्दा आवश्यकता अनुसार गाउँपालिका र अन्य सम्बन्धित सरोकारवालासँग परामर्श वा समन्वय गर्न सक्ने छन् ।

(४) श्यारया संरक्षण समितिले अभिलेखीकरण गरेको प्रथाजनित नियम वा तर्जुमा गरेको नयाँ नियम वा आलेखको एकप्रति संलग्न गरी सो को आधार र कारण समेत खुलाई गाउँपालिकामा जानकारी गराउनु पर्नेछ ।

(५) गाउँकार्यपालिकाले त्यस्तो जानकारी प्राप्त भएको मितिले एक महिना भित्रमा स्थानीय राजपत्रमा सो को सुचना प्रकाशन गरी त्यस्तो अभिलेखिकरण गरेको प्रथाजनित नियम वा तर्जुमा गरेको नयाँ नियम वा आलेख प्रारम्भ भएको कुरा सार्वजनिक गर्नु पर्नेछ ।

(६) श्यारया संरक्षण समितिले अभिलेखीकरण वा तर्जुमा गरेका प्रथाजनित नियम कार्यान्वयनका लागि गाउँपालिका, सरकारी निकाय र सम्बन्धित संघ संस्थाले विभिन्न आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछन ।

## परिच्छेद-३
### श्यारया संरक्षण समितिसम्बन्धी व्यवस्था

**५. श्यारया संरक्षण समितिको गठनः** (१) श्यारया संरक्षण समितिहरु प्रथाजनित संस्थाको रुपमा रहने छन् र श्यारया परम्परा लागु भएका क्षेत्रका सबै घरधुरीहरु श्यारया परम्परा संरक्षण समितिको गठनका लागि साधारण सदस्यको रुपमा रहने छन् ।

(२) यो ऐन लागु हुनुपूर्व चुम क्षेत्रमा गठन भएका श्यारया संरक्षण समितिहरु यसै ऐन अन्तर्गत गठित प्रथाजनित संस्थाको रुपमा रहने छन् ।

(३) चुम क्षेत्र बाहेक अन्य क्षेत्रमा पनि आदिवासी जनजाति र स्थानीय समुदाय लगायतका स्थानीय वासिन्दाहरुले वडास्तरमा वा कुनै निश्चित समुदाय र भौगोलिक क्षेत्रमा आवश्यकता अनुसार श्यारया संरक्षण समूहहरु गठन गर्न सक्नेछन् ।

(४) प्रत्येक श्यारया संरक्षण समूहमा देहाय बमोजिमका संरक्षकहरु रहने छनः

(क) प्रमुख संरक्षक (गुरु डुक्पा रिन्पोछे) १ जना

(ख) संरक्षकः

(१) श्यारया परम्परा संरक्षणमा लामो समयदेखि विशेष योगदान गर्दै आएका व्यक्ति १ जना

(२) विशिष्ट धर्म गुरुहरु

(३) गुम्बाका प्रमुख लामा २ जना

(४) लाब्राङ्ग ३ जना

(५) गाउँपालिका अध्यक्ष १ जना

(६) सम्बन्धित वडाको वडा अध्यक्ष १ जना

(५) दफा (४) को खण्ड (ख)(२) बमोजिमका विशिष्ट धर्म गुरुहरुको संख्या स्थानीय अवस्था अनुसार थपघट हुन सक्नेछ ।

(६) दफा (४) को खण्ड (ख)(५) र (६) बमोजिमका व्यक्तिहरु आफ्नो कार्यकालभर मात्र संरक्षकको रुपमा रहने छन् ।

(७) चुम क्षेत्र बाहेकका अन्य क्षेत्रमा गठन हुने श्यारया संरक्षण समूहमा संरक्षकहरुको संख्या थपघट हुन सक्नेछ ।

(८) प्रमुख संरक्षक सहित संरक्षकहरुले सामुहिक वा एकल रुपमा देहायका कार्यहरु गर्न सक्ने छन्

(क) श्यारया संरक्षण समितिलाई श्यारया परम्पराको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र प्रोत्साहनका लागि आवश्यक मार्गदर्शन तथा सुझाव प्रदान गर्ने;

(ख) विवाद समाधानका लागि श्यारया संरक्षण समितिलाई आवश्यक सरसल्लाह प्रदान गर्ने र

(ग) आवश्यक परेमा विवाद समाधानका लागि सहजीकरण तथा मध्यस्थता गर्ने कार्य गर्नेछन् ।

(९) श्यारया परम्परा लागु भएका क्षेत्रमा रहेका प्रत्येक घरधुरीका महिला र पुरुषको आमभेलाले आपसी सहमतिको आधारमा छानेका देहाय बमोजिमका पदाधिकारी र सदस्यहरु रहेको श्यारया संरक्षण समिति रहनेछः

(क) अध्यक्ष १ जना

(ख) उपाध्यक्ष १ जना

(ग) सचिव १ जना

(घ) कोषाध्यक्ष १ जना

(ङ) सदस्य बढीमा ३३ जना

(१०) दफा (९) को खण्ड (ङ) बमोजिमका सदस्यहरुको छनौट गर्दा प्रत्येक गाउँवस्तीमा रहेका समिति वा उपसमितिबाट महिलाको समेत उचित प्रतिनिधित्व हुनेगरी छनौट गर्नुपर्नेछ र सम्बन्धित क्षेत्रको अवस्था अनुसार यसरी छनौट गरिने सदस्यको संख्या थपघट हुन सक्नेछ ।

(११) श्याग्या संरक्षण समितिका पदाधिकारी र सदस्यहरुको कार्यकाल बढीमा पाँच बर्षको हुनेछ र प्रत्येक पाँच वर्षमा उपदफा (९) बमोजिमको आमभेलाले उक्त समिति पूनरगठन गर्नुपर्नेछ ।

(१२) काबु बाहिरको परिस्थिति परी भेला आयोजना हुन नसकेमा बढीमा ६ महिनाका लागि समितिको पदावधी थप गर्न सकिनेछ ।

(१३) श्याग्या संरक्षण समूहको भेलाले नयाँ समित गठन भएको मितिले १५ दिनिभत्र अघिल्लो समितिका पदाधिकारीले आफ्नो जिम्मामा रहेको नगद तथा जीन्सी सम्पति नयाँ समितिलाई बरबुझारथ गर्नु पर्नेछ ।

(१४) कुनै कारणबश प्रमुख संरक्षक, संरक्षक, पदाधिकारी र सदस्यहरुको पद रिक्त हुन गएमा बाँकी अबधिका लागि समितिको निणर्य बमोजिम सम्बन्धित क्षेत्रबाट पदपूर्ति गर्न सकिनेछ ।

(१५) श्याग्या संरक्षण समितिको वैठक आवश्यकता अनुसार सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । तर प्रत्येक वर्ष चौमासिक रुपमा कम्तिमा तीन वटा बैठक बसेको हुनु पर्नेछ ।

(१६) श्याग्या संरक्षण समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा भाग लिन पाउने गरी श्याग्या परम्परा संरक्षणमा योगदान गर्ने व्यक्ति र सम्बन्धित निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

६. **श्याग्या संरक्षण समितिको काम, कर्तव्य र अधिकारः** (१) श्याग्या संरक्षण समितिको काम, कर्तब्य र अधिकारहरु देहाय बमोजिम हुनेछः

(क) श्याग्या परम्परा लागु हुने क्षेत्रमा परम्परा देखि अभ्यास गर्दै आईरहेको प्रथाजनित नियमहरूको अभिलेखिकरण गर्ने र आचारसंहिताहरु तथा नयाँ तर्जुमा गरेको नियमहरूको अनुमोदन गरी लागु गर्ने ।

(ख) श्याग्या संरक्षण समितिको कोषको परिचालन गर्ने ।

(ग) प्रत्येक गाउँ तथा समुदाय स्तरका समिति वा अन्य विषयगत उपसमितिहरुलाई समन्वय गरी प्रभावकारी रुपमा कार्य गर्न सहयोग गर्ने ।

(घ) श्यागया परम्परा संरक्षणसम्बन्धी कार्यहरु गर्नका लागि आवश्यता अनुसार स्वयंसेवकहरु परिचालन गर्ने ।

(ङ) श्यागया परम्परा संरक्षणका विषयमा गाउँपालिकाको सहयोगमा गर्न सक्ने कार्यहरु गर्ने ।

(च) श्यागया परम्परा संरक्षणका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्था र सरकारी नियकाहरुसँग आवश्यकता अनुसार समन्वय गर्ने ।

(छ) प्रमुख संरक्षक, संरक्षक, पदाधिकारी तथा सदस्य र अन्य सम्बन्धित व्यक्तिहरुलाई परिचयपत्र प्रदान गर्ने ।

(२) श्यागया संरक्षण समितिले उपनियम (१) मा उल्लिखित कामका साथै श्यागया परम्परा लागु भएका क्षेत्रमा आफ्नो प्रमुख कार्यबाट विषयान्तर नभई देहाय बमोजिमका संरक्षणमुखी र सचेतनामूलक कार्यहरु गर्न सक्नेछः

(क) वन्यजन्तु लगायतका जीवजन्तु तथा प्राणी र सोको वासस्थाहरुको संरक्षण र दिगो व्यवस्थापन गर्ने

(ख) वन्यजन्तुहरुको वासस्थान र प्रजनन क्षेत्रहरुको संरक्षण गर्ने कार्यलाई प्रोत्साहन गर्ने ।

(ग) गाउँपालिका, सम्बन्धित निकाय र संघ संस्थासँग समन्वय र सहकार्य गरी श्यागया परम्परा संरक्षण मूलसमिति, स्वयंसेवक र सदस्यहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, गोष्ठी, छलफल र अध्ययन अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने ।

(घ) श्यागया परम्परा संरक्षणका माध्यमबाट पर्यापर्यटन प्रवर्द्धन गरी रोजगारी प्राप्त गर्न युवा वर्ग केन्द्रित सचेतना र क्षमता विकास कार्यक्रम सञ्चालन गरी रोजगारी सृजना गर्ने ।

(ङ) श्याग्या परम्परा संरक्षण शिक्षालाइ औपचारिक शिक्षाको रुपमा बिकास र विस्तार गर्न सरकारी र गैरसरकारी निकायहरुसँग समन्वय र सहकार्य गर्ने ।

७. **श्याग्या संरक्षण समिति दर्ता गर्न सकिनेः** (१) दफा ५ बमोजिम गठन भएको श्याग्या संरक्षण समितिलाई प्रथाजनित संस्थाको रुपमा गाउँपालिकामा दर्ता गर्न चाहेमा गाउँ कार्यपालिकामा निवेदन दिइ त्यस्तो श्याग्या संरक्षण समितिलाई दर्ता गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन गाउँपालिका परेमा सोको अध्ययन गरी त्यस्तो श्याग्या संरक्षण समिति प्रथाजनित संस्थाको रुपमा दर्ता गर्न उपयुक्त देखिएमा गाउँकार्यपालिकाले दर्ता गरी सम्बन्धित श्याग्या संरक्षण समितिलाई दर्ता भएको प्रमाणपत्र दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भएका वा नभएका श्याग्या संरक्षण समितिको सञ्चालनका लागि श्याग्या संरक्षण समितिले आफ्नो सामाजिक-सांस्कृतिक परम्परा अनुसार आवश्यक नियम र आचारसंहिता आफै तर्जुमा गर्न सक्नेछन् ।

(४) गाउँपालिकाको क्षेत्रभित्र गठन भएका श्याग्या संरक्षण समितिहरुले आपसमा समन्वयन गरी सहकार्य गर्नका लागि गाउँपालिका स्तरमा एक श्याग्या संरक्षण समन्वय परिषद् गठन गर्न सक्नेछन्।

८. **श्याग्या संरक्षण समितिको चिन्हः** श्याग्या संरक्षण समितिहरुले आफ्नो पहिचानको लागि अलग अलग नाम सहितको एक साझा चिन्हको प्रयोग गर्नेछन र उक्त साझा चिन्ह निर्माण र प्रयोगका लागि गाउँपालिकाले सहजीकरण गर्नेछ ।

९. **श्याग्या संरक्षण समितिको कोषः** (१) श्याग्या संरक्षण समितिको नाममा एउटा छुट्टै कोष हुनेछ र उक्त कोषमा देहाय बमोजिमको स्रोतबाट रकम प्राप्त हुन सक्नेछः

(क) श्याग्या संरक्षण समितिका घरधुरी सदस्यहरुले स्वेच्छाले प्रदान गर्ने सहयोग रकम

(ख) धार्मिक संघ संस्था र दातृ संघ संस्थाहरुबाट प्राप्त हुने चन्दा वा आर्थिक सहयोग

(ग) गाउँपालिका र वडा कार्यालयबाट प्राप्त सहयोग रकम

(घ) अन्य सहयोग रकम ।

(ङ) श्याग्या संरक्षण समितिले आर्जित गरेको रकम ।

(२) कोषको रकम परिचालनका लागि श्याग्या संरक्षण समितिले आवश्यक नियम बनाउन सक्नेछ ।

(३) श्याग्या संरक्षण समितिको कोषको रकम सदुपयोग गरी श्याग्या संरक्षण समितिको उद्देश्य पुरा गर्नका लागि श्याग्या परम्परा संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्वयंसेवकहरु परिचालन गर्न लगायतका कार्यमा प्रयोग गर्न सकिनेछ ।

(४) श्याग्या संरक्षण समितिले आफ्नो कोषको लेखा परीक्षण गर्न आवश्यक देखेमा प्रचलित नेपाल कानून बमोजिम समितिले लेखा परीक्षण गराउन सक्नेछ ।

**१०. श्याग्या महोत्सव तथा दिवश मनाउनेः** (१) गाउँपालिकाको चुम क्षेत्रलाई बि.सं. १९७७ सालदेखि श्याग्या क्षेत्रको रुपमा संरक्षण गरिदै आएको परम्पराको सम्झना स्वरुप हरेक एक सय वर्षमा श्याग्या महोत्सव र प्रत्येक वर्ष बुद्ध जयन्तीको अवशरमा श्याग्या दिवश मनाईनेछ ।

(२) श्याग्या महोत्सव तथा दिवश मनाउनको लागि श्याग्या संरक्षण समितिहरुसँग समन्वय गरी गाउँपालिका र अन्य निकाय वा संघ सस्थाहरुले उक्त समितिहरुलाई आर्थिक लगायत अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछन् ।

(३) श्याग्या संरक्षण समितिहरुले अलग अलग वा आपसमा समन्वय गरी सबैलाई पायक पर्ने उपयुक्त स्थानमा श्याग्या महोत्सव तथा दिवश आयोजना गर्न सक्नेछन् ।

**११. पुरस्कृत गर्न सक्नेः** श्याग्या महोत्सव तथा दिवश मनाउने क्रममा श्याग्या परम्परा संरक्षणमा उल्लेखनीय योगदान गर्ने संरक्षकहरु र अन्य व्यक्ति तथा

निकाय र संघ संस्थालाई श्यारया संरक्षण समिति तथा गाउँपालिकाद्वारा प्रसंशापत्र वा प्रमाणपत्र प्रदान गर्ने लगायतका विभिन्न माध्यमबाट पुरस्कृत गर्न सकिनेछ ।

**१२. श्यारया परम्परा र अहिंसासम्बन्धी धार्मिक कार्यक्रमहरु सञ्चालन गर्नेः** (१) श्यारया परम्परा लागु भएका क्षेत्रमा बर्षेनी बौद्ध धर्मगुरुबाट धार्मिक समारोह, पुजापाठ, प्रवचन र भेटघाटको कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) श्यारया संरक्षण समितिले बिद्यालयहरु र अन्य सामाजिक धार्मिक संस्थाहरुमा श्यारया परम्परा र अहिंसा सम्बन्धी शिक्षा एवं कार्यक्रमहरु सञ्चालन गर्न सहयोग गर्न सक्नेछ ।

**१३. समन्वय र अनुगमनः** (१) श्यारया संरक्षण समितिले यस ऐन अनुसारका कार्यहरु गर्नको लागि गाउँपालिका र अन्य सरेकारवाला र सरकारी निकायसँग आवश्यक समन्वय गर्न सक्नेछ ।

(२) श्यारया परम्परा संरक्षणका कार्यहरुको अनुगमनमा संरक्षकहरु पनि सहभागी हुन सक्नेछन् ।

## परिच्छेद-४
### निषेधित कार्य र आचारसंहिता

**१४. श्यारया परम्परा लागु भएका क्षेत्रमा निषेधित कार्यहरुः** (१) श्यारया परम्परा लागु भएका क्षेत्रमा देहायका कार्यहरु निषेधित गरिएको छः

(क) कुनै पनि जनावर तथा जीवजन्तु र प्राणी काटमार नगर्नेः

(१) याक, चौंरी, चौंरीको बाच्छा, भेडा, च्याङ्ग्रा, गाई, भैसी, राँगा, खसी, बोका, हाँस, कुखुरा आदि कुनै पनि पाल्तु जनावर वा पक्षी काटमार नगर्ने ।

(२) यस क्षेत्रमा आउने पाहुना, पर्यटक, कर्मचारी एवं सुरक्षाकर्मीहरुले पनि चाडपर्व र कुनै पनि समयमा पशु वध नगरी अहिंसाप्रति श्रद्धा र भक्ति जाहेर गर्ने ।

(ख) शिकार नखेल्नेः

(१) वन्यजन्तु, पशुपक्षीको कल्याण गर्न यस क्षेत्रमा कसैले पनि शिकार खेल्न र खेलाउन निषेध गर्ने ।

(२) पासो थापेर वा कुनै पनि किसिमका उपायबाट चराचुरुङ्गीलगायत जङ्गली जनावर लखेट्ने, छोप्ने तथा समाउने र मार्ने कामलाई निषेध गर्ने ।

(ग) मह नकाड्नेः

(१) भीरपाखामा माहुरीका चाकासमेत भत्काई, आगो वा डडेलो लगाई वा कुनै पनि रुपमा मह नकाड्ने ।

(२) प्राणीहत्या गरी मह काड्ने कामलाई निषेध गर्ने ।

(घ) डडेलो नलगाउनेः

(१) सामुदायिक वन, निजी वन एवं चरन क्षेत्र र खर्क जग्गाहरुमा आगो तथा डडेलो नलगाउने ।

(२) वनमा डढेले लगाउन निषेध गर्ने ।

(३) प्रथाजनित अभ्यास बाहेक वन जङ्गलमा खोरिया फाँडेर खेती गर्न निषेध गर्ने ।

(ङ) पशुवध पूर्णरुपमा निषेधः

(१) कुनै तवरबाट जीव हिंसा वा मारकाट नगर्ने चलनलाई यथावत राख्ने र काटमार र पशुवध पूर्णरुपमा निषेध गर्ने, गराउने ।

(च) प्रवेश निषेधः

(१) मासुको प्रयोजनका लागि व्यापार गर्ने उद्देश्यले कुनै पनि जीव एवं पक्षीलाई अहिंसा क्षेत्र भित्र प्रवेश गराउन निषेध गर्ने ।

(२) कुनै जनावर र पशुपंक्षिलाई मारेर खाने कार्यका लागि नबेच्ने ।

(२) उपदफा (१) मा जेसुकै लेखिए पनि काठ, दाउरा, घाँस, जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावार, जङ्गली कन्दमुल, माटो, ढुङ्गा, स्लेट जस्ता निर्माण सामाग्रीहरु प्रयोग गर्न तथा खर्क क्षेत्रमा गाईवस्तु चराउन, जग्गा जमिनमा

खेतिपाती गर्न, पदयात्रा मार्ग र बाटाहरुको स्तरोन्तती गर्न, परम्परागत रुपमा उत्पादित पेय पदार्थको बिक्री बितरण गर्न अनुमति प्राप्त हुनेछ ।

**१५. आचारसंहिता लागु हुनेः** (१) श्यागया परम्परा लागु भएका क्षेत्रमा श्यागया सरक्षण समितिले सम्बन्धित समुदायसँग परामर्श र समन्वय गरी स्थानीय वासिन्दा र पर्यटकले पालन गर्नु पर्ने नियमहरु, वन तथा वन्यजन्तु एवं पशुपन्छी र खर्क ब्यवस्थापन, परम्परागत चाडबाड, पुजा, रितिरिवाजलाई निरन्तरता दिने सम्बन्धी विषय, धारा, कुँवा, पधेरा जस्ता पानीका श्रोतहरु संरक्षण गर्ने सम्बन्धि विषय, फोहोर संकलन र ब्यबस्थापन सम्बन्धी विषय र प्लाष्टिक निषेध सम्बन्धी विषय लगायतका अन्य आवश्यक विषयमा आचारसंहिता तयार गरी लागु गर्न सक्नेछ ।

(२) यसरी तर्जुमा भएका आचारसंहिताको पालना गर्नु सबैको कर्तब्य हुनेछ ।

**१६. दण्ड सजायः** (१) निषेधित कार्य उल्लंघन गर्ने र आचारसहिंता विपरितका कार्यहरु गर्नेलाई संरक्षकहरुको समेत परामर्श लिई श्यागया संरक्षण समितिले देहाय बमोजिमको सजाय गर्न सक्नेछः

(क) ऐनको दफा १४ विपरित हुनेगरी निषेधित कार्य गर्ने ब्यक्तिलाई घटनाको प्रकृति र क्षतिको विवरण हेरी स्थानीय वासिन्दाको आमसहमतिमा तय गरिए अनुसारको जरीवाना वा दण्ड सजाय गर्ने ।

(ख) ऐनको दफा–१५ विपरित हुनेगरी आचारसंहिता विपरितका कार्यहरु गर्ने ब्यक्तिलाई घटनाको प्रकृति हेरी समितिको निर्णयका आधारमा जरीवाना गर्ने ।

(२) उपदफा (१) बमोजिम श्यागया संरक्षण समितिले गरेको दण्ड सजाय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भई थाहा पाएको मितिले ३५ दिनभित्र गाउँपालिकाको न्यायिक समिति समक्ष पूनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-५
### विविध

**१७.** **अधिकार प्रत्यायोजन गर्न सक्नेः** भौगोलिक विकटताका कारण श्यारया परम्परा संरक्षण मूलसमितिले गर्नु पर्ने कामहरु मध्ये कुनै काम गर्नको लागि कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ र अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्येको कुनै काम गर्नका लागि कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**१८.** **नियम, निर्देशिका, कार्यबिधि, मापदण्ड, आचारसंहिता वनाई लागु गर्न सक्नेः** यो ऐनको कार्यान्वयनको लागि श्यारया संरक्षण समितिले आवश्यक नियम, निर्देशिका, कार्यबिधि र मापदण्ड तर्जुमा गर्न सक्नेछ र सोको एकप्रति जानकारीका लागि गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**१९.** **बाधा, अड्काउ फुकाउने अधिकारः** (१) यस ऐनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ आईपरेमा सो फुकाउने अधिकार श्यारया संरक्षण समितिसँगको समन्वयमा गाउँपालिकामा रहनेछ ।

**२०.** **बचाउ तथा खारेजी र बाझिएमा गर्नेः** यो ऐन लागु हुन भन्दा पहिले गठन गरिएका श्यारया संरक्षण समितिहरु यसै ऐन बमोजिम गठन भएको मानिनेछ ।

(२) दफा १४ मा उल्लिखित अंहिसाका सिद्धान्त र प्रथाजनित कानून बाहेकको हकमा यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु निष्कृय रहने छन् ।

प्रमाणीकरण मितिः २०७९।९।२२

आज्ञाले,
भीमसेन श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत